# सुरक्षण मुद्रण केन्द्र

सिंहदरबार, काठमाडौं ।

## करार सेवामा पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**सूचना नम्बर : ०१/२०८२/०८३**

**सूचना प्रकाशन मिति : २०८२।०६।३१**

यस केन्द्रमा रिक्त रहेका तपसिल बमोजिमका पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशन भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र दरखास्त आह्वान गरिएको छ । दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, अनुभव खुल्ने कागजात/प्रमाणपत्र एवं अन्य सम्बन्धित कागजात भएमा सो समेत संलग्न गर्नुपर्नेछ । रीत नपुगी पेश हुन आएका दरखास्त उपर कुनै कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम पेश हुन आएमा सोको जवाफदेही स्वयं हुनेछ । सर्त राखी पेश हुन आएका कुनै पनि दरखास्त स्वीकृत गरिने छैन ।

**तपसिल**

| विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | माग सङ्ख्या | योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १/०८२/८३ | डिभिजनल इन्जिनियर | अधिकृत आठौं | प्राविधिक | १ | इलेक्ट्रिकल/मेकानिकल/इलेक्ट्रोनिक्स/इन्डस्ट्रियल/प्रिन्टिङ इन्जिनियरिङ विषयमा स्नातक गरी सम्बन्धित क्षेत्रमा ५ वर्षको कार्य अनुभव । |
| २/०८२/८३ | पोस्ट-प्रोडक्सन प्रवन्धक | अधिकृत सातौं | प्राविधिक | १ | मेकामिकल/इन्डस्ट्रियल/इलेक्ट्रोनिक्स/प्रोडक्सन/प्रिन्टिङ इन्जिनियरिङ विषयमा स्नातक गरी ३ वर्षको कार्य अनुभव । |
| ३/०८२/८३ | कम्प्युटर इन्जिनियर | अधिकृत सातौं | प्राविधिक | १ | कम्प्युटर/इलेक्ट्रोनिक्स इन्जिनियरिङ विषयमा स्नातक गरी नेटवर्किङ/साइबरसेक्युरिटीमा ३ वर्षको कार्य अनुभव । |
| ४/०८२/८३ | गुणस्तर अधिकृत | अधिकृत सातौं | प्रशासन | २ | व्यवस्थापन विषयमा स्नातक गरी २ वर्षको कार्य अनुभव । |
| ५/०८२/८३ | मेकानिकल इन्जिनियर | अधिकृत छैटौं | प्राविधिक | २ | मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक गरी २ वर्षको कार्य अनुभव । |
| ६/०८२/८३ | इलेक्ट्रिकल इन्जिनियर | अधिकृत छैटौं | प्राविधिक | २ | इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक गरी २ वर्षको कार्य अनुभव । |
| ७/०८२/८३ | कागजात तथा अनुपालन अधिकृत | अधिकृत छैटौं | प्रशासन | १ | कानून विषयमा स्नातक गरी २ वर्ष कार्य-अनुभव । |

**देहायः**

१. **उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

२. **उम्मेदवारको छनोट विधि :** शैक्षिक योग्यता, कार्यअनुभव तथा अन्तर्वार्ता ।

३. **सङ्क्षिप्त सूची र अन्तर्वार्ता :** शैक्षिक योग्यता र कार्य अनुभवका आधारमा सङ्क्षिप्त सूची तयार गरिनेछ । सुरक्षण मुद्रण केन्द्रको करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०८२ आधारमा सङ्क्षिप्त सूची तयार गरी अन्तर्वार्ताको मिति, समय र स्थान केन्द्रको वेबसाइटमा प्रकाशन गरिनेछ ।

४. **करार सम्झौता अवधि :** मिति २०८३ आषाढ मसान्त सम्म ।

५. **पारिश्रमिक तथा सुविधा :** केन्द्रको नियमानुसार ।

६. **काम गर्नुपर्ने कार्यालय :** केन्द्रको बनेपास्थित कार्यालय तथा आवश्यकता अनुसार केन्द्रको सिंहदरबारस्थित कार्यालय ।

७. **दरखास्त फाराम प्राप्त गर्ने तरिका :** यस केन्द्रको website: https://www.spc.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

८. **दरखास्त पेश गर्ने तरिका :**

क) दरखास्त पेश गर्दा सिंहदरबारस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा यस केन्द्रको कार्यालय रहेको कोठा नम्बर ४०२ मा बुझाउन सकिनेछ ।

वा

ख) यस केन्द्रको website: https://www.spc.gov.np वा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको website: https://mocit.gov.np भित्र राखिएको Link बाट भरी पेश गर्न सकिनेछ ।

९. **दरखास्त दिने अन्तिम मिति :** २०८२/०७/१४ गते कार्यालय समयभित्र ।

१०. **पुनश्चः** दरखास्त सम्बन्धमा कुनै द्विविधा भएमा यस केन्द्रको फोन नं. ०१-४२००६४५, मोबाइल नं. ९८५११०६०६/९८६३१९६४८५ मा अथवा केन्द्रको इमेल ठेगाना career@spc.gov.np मार्फत सम्पर्क गर्न सकिनेछ । यो सूचना तथा उल्लिखित पदको कार्य विवरण सहितको विस्तृत विवरण यस केन्द्रको website: www.spc.gov.np को website बाट प्राप्त गर्न सकिनेछ ।

– पदपूर्ति समिति